कृष्णनगर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय कृष्णनगर, कपिलवस्तु
(लुम्बिनी प्रदेश, नेपाल)

नगरकार्यपालिकाबाट स्वीकृत मिति :- २०८१/०९/१३

# बाल बिकास सहयोगी कार्यकर्ता व्यवस्थापन कार्यविधि २०८१

**प्रस्तावना :**

यस कृष्णनगर नगरपालिका भित्र संचालित सामुदायिक विद्यालयहरुमा संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा विद्यालयको निजी स्रोतबाट बाल बिकास केन्द्रमा सहयोगी कार्यकर्ताको नयाँ सृजना भएको वा रिक्त हुने बाल बिकास केन्द्रका सहयोगी कार्यकर्ताको रिक्त पदमा करार नियुक्तिको छनौट प्रकियालाई पारदर्शी र निष्पक्ष बनाउन आवश्यक देखिएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ (ज) ले आधारभूत तथा माध्यमिक शिक्षा सम्वन्धी स्थानीय तहलाई दिईएको अधिकार तथा कृष्णनगर नगर शिक्षा ऐन २०७९ को दफा ५२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी यस कृष्णनगर नगरपालिकाको कार्यालय कृष्णनगरद्वारा बाल बिकास सहयोगी कार्यकर्ता व्यवस्थापन कार्यविधि २०८१ तयार पारिएको छ।

## परिच्छेद-१
## (नाम , प्रारम्भ र परिभाषा )

**१. नाम, प्रारम्भ :**

क) यो कार्यविधिको नाम बाल बिकास सहयोगी कार्यकर्ता व्यवस्थापन कार्यविधि २०८१ हुनेछ।

ख) यो कार्यविधि कृष्णनगर नगरपालिकाको नगर शिक्षा समितिको सिफारिसमा नगरकार्यपालिकाको बैठकले स्वीकृत गरे पश्चात लागू हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "विद्यालय" भन्नाले यस कृष्णनगर नगरपालिका भित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरुलाई सम्झनु पर्दछ।

ख) "विद्यालय व्यवस्थापन समिति" भन्नाले सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिलाई सम्झनु पर्दछ।

ग) "शिक्षक अभिभवक संघ" भन्नाले सम्वन्धित विद्यालयको शिक्षक अभिभावक संघलाई सम्झनु पर्दछ।

घ) "प्रधानाध्यापक" भन्नाले सम्वन्धित विद्यालयको प्रधानाध्यापकलाई सम्झनु पर्दछ।

ङ) "शिक्षक" भन्नाले सम्बन्धित विद्यालयमा कार्यरत शिक्षकहरुलाई सम्झनु पर्दछ।

च) "शिक्षा अधिकृत" भन्नाले कृष्णनगर नगरपालिका कार्यालयको शिक्षा शाखामा कार्यरत शिक्षा शाखा प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्दछ।

छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कृष्नगर नगरपालकाको प्रमुख कार्यकारी अधिकृतलाई सम्झनु पर्दछ।

ज) "अध्यक्ष" भन्नाले विद्यालय व्यस्थापन समितिको अध्यक्षलाई सम्झनु पर्दछ।

झ) "संयोजक" भन्नाले बाल बिकास सहयोगी कार्यकर्ता व्यवस्थापन कार्यविधि २०८१ मा व्यवस्था भएको छनौट समितिको संयोजकलाई सम्झनु पर्दछ।

Scanned with CamScanner

ञ) "शिक्षा ऐन" भन्नाले कृष्णनगर नगरपालिकाले नगर सभाबाट पारित गराई राजपत्रमा प्रकाशित गरेको नगर शिक्षा ऐन लाई सम्झनु पर्दछ ।

ट) "नियमावली" भन्नाले सम्बन्धित स्थानीय तहको शिक्षा नियमावलीलाई सम्झनु पर्दछ ।

ठ) "शिक्षा समिति" भन्नाले सम्बन्धित स्थानीय तहको शिक्षा समितिलाई सम्झनु पर्दछ ।

ड) "कार्यपालिका" भन्नाले कृष्णनगर नगरपालिकाको नगरकार्यपालिकालाई सम्झनु पर्दछ ।

ढ) "छनौट समिति" भन्नाले बाल बिकास सहयोगी कार्यकर्ता व्यवस्थापन कार्यविधि २०८१ मा व्यवस्था भएको छनौट समितिलाई सम्झनु पर्दछ ।

त) "परीक्षा" भन्नाले बाल बिकास सहयोगी कार्यकर्ता छनौटका लागि समितिको निर्णय बमोजिम संचालन गरिने प्रतियोगितात्मक परीक्षा सम्झनु पर्दछ ।

थ) "सहयोगी कार्यकर्ता" **भन्नाले प्रारम्भिक** बाल बिकास केन्द्रमा काम गर्ने सहयोगी कार्यकर्ता सम्झनु पर्दछ ।

## परिच्छेद-२

(छनौट तथा सिफारिस र अन्य व्यवस्था)

**३. छनौट समिति सम्बन्धी व्यवस्था :** सहयोगी कार्यकर्ताको नियुक्तिका लागि सिफारिस गर्न देहाय बमोजिमको छनौट समिति रहनेछ ।

क) सम्वन्धित विद्यालयको वि.व्य.स. अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य - संयोजक

ख) सम्वन्धित नगरपालिकाको शिक्षा अधिकृत वा शिक्षा शाखाको कर्मचारी - सदस्य

ग) शिक्षा अधिकृतले तोकेको १ (एक) जना बिषय बिज्ञ - सदस्य

घ) वि.व्य.स.ले तोकेको १ (एक) जना बिषय बिज्ञ - सदस्य

ङ) सम्वन्धित विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

**४. छनौट समितिको बैठक :**

क) छनौट समितिको वैठक आवश्यकता अनुसार हुनेछ ।

ख) समितिको बैठक बिद्यालयमा वा संयोजकले तोकेको स्थान, मिति र समयमा बस्नेछ ।

ग) समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ र निजको अनुउपस्थितीमा बैठकमा उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

घ) समितिको कुल सदस्य संख्याको ५० (पचास) प्रतिशत भन्दा बढी संख्याहरु उपस्थिती भएमा समितिका बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

ङ) समितिको बैठकमा बहुमतको राय मन्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले मत दिन सक्नेछ ।

च) समिति बैठकको निर्णय अध्यक्षता गर्ने व्यक्तिद्वारा प्रमाणित गरी राखिनेछ ।

छ) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**५. समितिको काम , कर्तव्य र अधिकार :**

क) नेपाल सरकारबाट प्राप्त वा नगरपालिकाले सृजना गरेका वा विद्यालयले सिज्रना गरेका बाल बिकास सहयोगी कार्यकर्ताको पदमा करार नियुक्तिका लागि सिफारिस गर्ने ।

ख) बाल बिकास सहयोगी कार्यकर्ता नियुक्तिका लागि लिईने परीक्षा सम्बन्धी कार्य गर्ने ।

ग) कार्यविधिमा उल्लेख भएबमोजिमको अन्य कार्यहरु गर्ने ।

Scanned with CamScanner

६. समावेशिता र पदको किसिम :

क) रिक्त पदका लागि कुनै आरक्षण वा समावेशिताको व्यवस्था गरिनेछैन् ।

ख) नेपाल सरकारले अर्को व्यवस्था लागू नगरे सम्म हाललाई सहयोगी कार्यकर्ताको पद करार हुनेछ ।

७. न्युनतम शैक्षिक योग्यता सम्बन्धी व्यवस्था :

क) कम्तिमा माध्यमिक (१०+२) तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको ।

ख) बिदेशी शिक्षण संस्थाबाट सो सरहको परीक्षा उत्तीर्ण गरेको अवस्थामा समकक्षता प्रमाणपत्र अनिवार्य ।

ग) १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको । (महिला मात्र उम्मेदवार हुन पाउने)

घ) नेपाली नागरिकताको प्रमाण पत्र ।

ङ) अनुभवी व्यक्ति एवं स्थानीय तह भित्रका व्यक्तिलाई विशेष प्राथमिकता दिईने ।

८. नियुक्ति सम्बन्धी व्यवस्था :

क) रिक्त रहेको वा नयाँ सृजना भएको बाल विकास सहयोगी कार्यकर्ता पदमा व्यवस्थापन समितिले छनौट समितिको सिफारिसमा करार नियुक्ति गर्नेछ ।

ख) दरखास्त आव्हानको सूचना प्रकाशन गर्नु अघि शिक्षा शाखाबाट पद रिक्त रहेको वा नगरपालिकाबाट नयाँ सृजना भएको बेहोरा प्रमाणित गराई उक्त पदपूर्तिको अनुमति लिनुपर्नेछ ।

ग) सहयोगी कार्यकर्ताको पदपूर्ति गर्नको लागि आवश्यक विवरण खुलाई कम्तिमा ७ दिन देखि १५ दिन सम्मको विज्ञापन वडा कार्यालय, नगरपालिका र सम्बन्धित बिद्यालयको सूचना पाटीमा टाँस गर्नुपर्नेछ । साथै सम्भव भएसम्म सबै प्रकारका माध्यमबाट सूचना प्रकाशन वा प्रसारण गर्नुपर्नेछ ।

घ) पदपूर्ति समितिको सिफारिस पश्चात सम्बन्धित बिद्यालयले सहयोगी कार्यकर्ता नियुक्ति तथा हाजिर भएको जानकारी शिक्षा शाखालाई गराउनु पर्नेछ र शाखाले सोको अभिलेख राखेको प्रमाण बिद्यालयलाई दिनु पर्नेछ ।

ङ) उम्मेदवारले शैक्षिक योग्यता, नेपाली नागरिकताको प्रमाणपत्र, समकक्षता प्रमाणपत्र र निरोगिता प्रमाणपत्रको प्रतिलिपी निबेदनका साथ पेश गर्नुपर्नेछ ।

## परिच्छेद-३

(पाठ्यकम, परीक्षाको ढाँचा तथा अन्य व्यवस्था)

९. पाठ्यकम :

क) छनौट समितिले लिने परीक्षाको पाठ्यकम परीक्षा प्रणाली तथा मूल्याङ्कन प्रकिया देहाय बमोजिम हुनेछ

बस्तुगत

| क.सं. | बिषय क्षेत्र | अंक भार | प्रश्न संख्या | समय |
|---|---|---|---|---|
| १. | शिक्षाको परिचय : अर्थ , परिभाष, स्वरुप, उद्धेश्य र कार्यहरु | ६ | ३ | |
| २. | शिक्षा मनोबिज्ञानको अर्थ, अवधारण, आवश्यकता र महत्व, मानव बृद्धि र बिकासको अवधारण, चरण र बिशेषताहरु | ६ | ३ | |
| ३. | सिकाई र उत्प्रेरणको अर्थ, स्वरुप र प्रभाव पार्ने तत्वहरु तथा अवधारण, | ६ | ३ | |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| | आवश्यकता, विद्यार्थीमा उत्प्रेरणा जगाउने उपायँ | | | |
| ४. | बार्षिक कार्ययोजना, एकाई योजना र दैनिक पाठयोजना तथा शिक्षक केन्द्रित र विद्यार्थी केन्द्रित शिक्षणविधिहरु | ६ | ३ | |
| ५. | कक्षाकोठा व्यवस्थापन, सिकाई कुना , कक्षा शिक्षण, बहुकक्षा शिक्षण, विषय शिक्षण र मिश्रित शिक्षण | ६ | ३ | |
| ६. | शिक्षण सिकाईमा सूचना तथा संचार प्रविधिको प्रयोग | ४ | २ | |
| ७. | स्थानीय तह सम्बन्धी जानकारी : संगठन संरचना, निर्वाचित पदाधिकारी, प्रशासनिक बिभाजन तथा स्थानीय सरकार संचालन ऐन २०७४ मा स्थानीय तहका शिक्षा सम्बन्धी अधिकारहरु | ४ | २ | |
| ८. | नेपालको राजनैतिक, भौगोलिक अवस्था र वर्तमान घटनाक्रम सम्बन्धी सामान्य जानकारी | ४ | २ | |
| ९. | नेपालको संविधान २०७२ मौलिक हक | ४ | २ | |
| १०. | शिक्षा ऐन २०२८ तथा शिक्षा नियमावली २०५९<br>प्रारम्भिक बालबिकास केन्द्र सम्बन्धि व्यवस्था | ४ | २ | |
| | जम्मा | ५० | २५ | ३० मिनेट |

बिषयगत

| क.सं. | बिषयक्षेत्र | अंक भार | प्रश्न संख्या | समय |
|---|---|---|---|---|
| १ | शैक्षणिक योजना : परिचय , आवश्यकता , निर्माण र प्रयोग (बार्षिक शैक्षणिक योजना , दैनिक पाठ्ययोजना र दैनिक कर्यतालिका) कक्षाकोठा व्यवस्थापन - (अवधारणा र महत्व , कक्षाकोठाको बातावरण र बसाई व्यवस्थापन) | ५ | १ | |
| २ | बिद्यालय समुदायको सम्बन्ध : विद्यालयको विकासमा समुदायको सहभागिता र दायित्व, समुदायको विकासमा बिद्यालयको योगदान, बिद्यालय र समुदाय पहुँच सम्बन्भमा । | ५ | १ | |
| ३ | व्यक्तिगत स्वच्छता तथा बातावरणीय सरसफाई : व्यक्तिगत सरसफाई , फोहोर व्यवस्थापन<br>प्राथमिक उपचार : परिचय , महत्व , पारिवारिक र सामुदायिक स्वास्थ्य सेवा , घर ,बिद्यालय र खेलमैदानमा हुने दुर्घटना , प्राथमिक उपचार तथा दुर्घटनाबाट बाँच्ने उपायहरु | ५ | १ | |
| ४ | पाठ्यक्रम : अर्थ , परिभाषा , महत्व , तत्वहरु , पाठ्यक्रम निर्माणका आधारहरु, स्थानीय पाठ्यक्रम २०७७ , (सक्षमता, सिकाइ क्षेत्र, तथा सिकाइ उपलब्धी विस्तृतीकरण सहित विस्तृत अध्ययन | ५ | १ | |
| ५ | बलमनोबिज्ञान : अर्थ , क्षेत्र , आवश्यकता र महत्व पूर्व बाल्यावस्था : परिचय ,विकासात्मक कार्य, बिशेषताहरु, शारीरिक र संवेगात्मक परिवर्तन तथा प्रभाव , रुचिहरु संकटहरु, पूर्वबाल्यावस्थाका बिद्यार्थीको सुरक्षित विकासमा शिक्षक र अभिभावकको भूमिका | ५+५ | २ | |
| ६ | सिकाइ : अर्थ , स्वरुप र शैलीहरु, परिपक्कवता र सिकाइ बीच अन्तरसम्बन्ध , स्व:प्रतिबिम्बन र सिकाइ , सिकाइ स्थानान्तरण , स्मरण | ५ | १ | |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| | र विस्मरण , उत्प्रेरणा र सिकाइ शिक्षण विधिको वर्गीकरण र प्रयोग, शिक्षक निर्देशिकासंग शिक्षणविधिको सम्बन्ध शिक्षण सिकाइमा सूचना तथा संचार प्रविधिको प्रयोग (श्रव्यदृश्य तथा अन्तरक्रियात्मक डिजिटल सामग्री, इलाइब्रेरी) | | | |
| ७ | परीक्षा मूल्यांकन : परीक्षाको अवधारणा , उद्देश्य, प्रकारहरु, शिक्षक निर्मित परीक्षा र स्तरीकृत परीक्षा, मूल्यांकनको अवधारणा , उद्देश्य , प्रकारहरु , मुल्यांकनका साधानहरु र प्रयोग र प्राथमिक तहमा प्रयोग हुने मूल्यांकनका विधि तथा प्रकियाहरु | ५ | १ | |
| ८ | प्रारम्भिक बालबिकास शिक्षा पाठ्यकम २०७७<br>प्रारम्भिक बालबिकास कार्यकम संचालन सम्बन्धी निर्देशिका २०६१<br>राष्ट्रिय पाठ्यकम प्रारुप २०७६ मा प्रारम्भिक बालबिकास सम्बन्धी भएको व्यवस्था | ५+५ | २ | |
| | | ५० | १० | १ घण्टा ४५ मिनेट |

**१०. परीक्षाको ढाँचा :**

| क.सं. | प्रश्नको प्रकार | प्रश्न संख्या | अंक भार | जम्मा पूर्णाङ्क | उत्तीर्णाङ्क | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | वस्तुगत (बहुबैकल्पिक) | २५ | २ | ५० | २० | |
| २. | बिषयगत | १० | ५ | ५० | २० | |
| ३. | अन्तर्वाता | | | १५ | | |

**द्रष्टव्य :**

१. बाल बिकास सहयोगी कार्यकर्ताको पहिलो चरणमा वस्तुगत परीक्षा हुनेछ जसमा ५० वटा प्रश्नका लागि ३० मिनेट निर्धारण गरिएको छ ।

२. वस्तुगत प्रश्नहरुको गलत उत्तर दिए बापत २० प्रतिशत अंक कट्टा गरिनेछ ।

३. प्रथम चरणको बस्तुगत परीक्षामा उर्तिण उम्मेदवारलाई मात्र दोस्रो चरणको बिषयगत परीक्षामा सामेल गराइनेछ ।

३. माथि उल्लेखित परीक्षामा कुनै उम्मेदवार सफल नभएमा पुनः विज्ञापन गरी परीक्षा संचालन गरिनेछ ।

४. बस्तुगत, बिषयगत र अन्तर्वाताको कुल अंक जोडी सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारलाई सफल उम्मेदवार घोषणा गरिनेछ ।

५. सफल उम्मेदवारले ७ (सात) दिन भित्र नियुक्ति बुझि हाजिर नभएमा वैकल्पिक उम्मेदवारलाई नियुक्ति दिइनेछ ।

**११. अन्तर्वाता सम्बन्धी व्यवस्था :**

क) शैक्षिक योग्यता बापत सेवा प्रवेशका लागि तोकिएको शैक्षिक योग्यताको प्रथम श्रेणी भए ३ अंक, द्वितीय श्रेणी भए २ अंक र तृतीय श्रेणी भए १ अंक दिइनेछ ।

Scanned with CamScanner

ख) अन्तर्वार्ता बापत बढीमा १५ अंक दिइनेछ । तर अन्तर्वार्तामा अंक दिदा कुनै उम्मेदवारलाई ७५ प्रतिशत भन्दा बढी र ३५ प्रतिशत भन्दा कम दिनुपर्ने भएमा सोको कारण खुलाउनु पर्नेछ ।

**१२. छुट अन्तर्वार्ता सम्बन्धी व्यवस्था :** देहायको अवस्थामा अन्तर्वार्ता समितिले निर्णय गरी छुट अन्तर्वार्ता लिन सक्नेछ ।

- काबु बाहिरको परिस्थिती परेमा
- किरियां बस्नु परेमा
- सुत्केरी भएमा
- अशक्त बिरामी भएको कुरा चिकित्सकबाट प्रमाणित भएमा

**१३. योग्यताक्रम प्रकाशित गर्ने :**

क) समितिले लिखित र अन्तर्वार्तामा प्राप्त गरेको अंक जोडी हुन आउने नतिजाको आधारमा योग्यताक्रम कायम गरी उम्मेदवार सिफारिस गर्नेछ र योग्यताक्रमका आधारमा समितिको निर्णय बमोजिम आवश्यकता अनुसार बैकल्पिक उम्मेदवार कायम गर्नेछ ।

**१४. दरखास्त रद्ध वा सिफारिस बदर हुने :**

क) कुनै उम्मेदवारले झुटा विवरण दिइएको प्रमाणित भएमा वा परीक्षाको मर्यादा भंग गरेमा वा त्यस्तो कार्य गर्न उद्योग गरेमा छनौट समितिले त्यस्तो उम्मेदवारको दरखास्त रद्ध गर्न सक्नेछ ।

ख) समितिबाट नियुक्तिका लागि सिफारिस भएको कुनै उम्मेदवार नियुक्ति दिन नपाउदै निज सिफारिस हुन नसक्ने कुनै प्रमाणिक कारण उत्पन्न भएमा छनौट समितिले त्यस्तो उम्मेदवार सिफारिस बदर गर्न सक्नेछ ।

ग) कुनै उम्मेदवारले झुटो विवरण दिइएको कुरा त्यस्तो उम्मेदवार सिफरिस गरिएको पदमा नियुक्ति भईसकेपछि थाहा हुन आएमा समितिले निज उपर विभागीय कारवाहीका लागि प्रधानाध्यापक समक्ष लेखि पठाउनु पर्नेछ ।

**१५. उम्मेदवारको लागि अयोग्यता :**

देहायका व्यक्तिहरु बाल बिकास सहयोगी कार्यकर्ता पदमा उम्मेदवार हुनका लागि योग्य हुन सक्ने छैनन्

क) गैरनेपाली नागरिक

ख) १८ बर्ष उमेर पूरा नपुगेको

ग) ४० बर्ष उमेर पूरा भएको

घ) मगज बिग्रेको

ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको

च) तोकिएको शैक्षिक योग्यता हासिल नगरेको

**१६. परीक्षणकाल :**

क) नवनियुक्त सहयोगी कार्यकर्ताको परीक्षणकाल ६ महिनाको हुनेछ ।

ख) उपदफा (क) बमोजिमको परीक्षणकालमा राखिएको सहयोगी कार्यकर्ताको काम सन्तोषजनक नभएमा निजलाई छनौट समितिले परीक्षणकाल भित्र जुनसुकै बखत सेवाबाट हटाउन सक्नेछ ।

Scanned with CamScanner

ग) परीक्षणकाल भित्र नवनियुक्त सहयोगी कार्यकर्ताले आफ्नो राजीखुशीले राजीनामा दिइएमा छनौट समितिले वैकल्पिक उम्मेदवारलाई नियुक्तिका लागि सिफारिस गर्न सक्नेछ ।

## परिच्छेद-४

(बिदा तथा सेवा सुविधा सम्बन्धी व्यवस्था)

**१७. बिदा :**

क) बालबिकास सहयोगी कार्यकर्ताले नियमानुसार बिदाहरु पाउनेछन् ।

**१८. तलब भत्ता र चाँडपर्व खर्च :**

क) बिद्यालयको शिक्षा नियमावली २०५९ को परिच्छेद २३ (क) को नियम १४४ (क) अनुसार नेपाल सरकारले निश्चित मापदण्डको आधारमा बिद्यालयमा बार्षिक रुपमा उपलब्ध गराएको अनुदान र नगरपालिकाले दरबन्दी सृजाना गरेको हकमा नगरसभा तथा कार्यपालिकाबाट तोके बमोजिमको थप तलब भत्ता र चांडपर्व खर्च हुनेछ ।
ख).उपदफा (क) मा जुनसुकै कुरा लेखिएको भएतपनि बिद्यालयले चाहेमा बिद्यालयको स्रोतबाट तलब भत्ता वा अन्य सुविधा थप गर्न उपदफा (क) ले बाधा पुऱ्याउने छैन ।

## परिच्छेद-५

(निलम्बन र स्वेच्छिक अवकाश सम्बन्धी व्यवस्था)

**१९. निलम्बन वा नोकरीबाट हटाउने :**

देहाय बमोजिमको कसुर गरेमा नगर शिक्षा समितिले बिद्यालय व्यवस्थापन समितिको सिफारिस अनुसार निलम्बन वा नोकरीबाट हटाउन सक्नेछ ।
क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा ।
ख) आफ्नो जिम्मेवरी र दायित्व पूरा नगरेमा ।

**२०. स्वेच्छिक अवकाश :**

क) सेवाबाट अवकाश लिने इच्छा गरी निवेदन दिएमा प्रधानाध्यापकले निजलाई जुनसुकै बखत सेवाबाट अवकाश लिने अनुमति दिन सक्नेछ ।
ख) यस कार्यविधिमा तोके बमोजिमको योग्यता नभएको वा यो कार्यविधि लागू भएपछि तोकेको योग्यता पूरा गर्न असमर्थ रहेको अवस्थामा अवकाश मिति भन्दा पहिले सेवाबाट स्वेच्छिक अवकाश लिन चाहेमा त्यस्तो व्यक्तिलाई नगरपालिकाले उपदान उपलब्ध गराई अवकाश लिने अनुमति दिन सक्नेछ ।

नगर प्रमुख

Scanned with CamScanner

## परिच्छेद-६

(विविध)

२१. **कार्यविधि संशोधन :** नगरपालिकाले आवश्यकता अनुसार कार्यविधि संशोधन गर्न सक्नेछ ।

२३. कार्यविधि बमोजिम हुने :

क) यस कार्यविधिमा उल्लेखित कुराहरु यसै कार्यविधि बमोजिम र अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ

ख) यस अघि नियुक्ति भएका बाल विकास सहयोगी कार्यकर्ताहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

Scanned with CamScanner